OPEN MIC NEPAL

Listen. Verify. Report

अङ्क २९

माघ १८, २०७२

ओपन माईक नेपाल बुलेटिनको उनन्तीसौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरू तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु र उनीहरू मार्फत समूदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।

# सवाल

## साँगाचोक, सिन्धुपाल्चोक

"यहाँ बाबु-छोरा र दाजु-भाइ छुट्टिएर बसेका छन्। अंशबण्डा भने गरिएको छैन। तर सरकारबाट घर निर्माणका लागि आउने भनेको दुई लाखको लागि अनिवार्य लालपूर्जा चाहिन्छ रे भन्ने हल्ला छ।"

## पाँचखाल, काभ्रेपलाञ्चोक

"केहिको घरका चार जना सम्मले सरकारी राहत रु १५ हजार लिएका छन्। कुनै परिवार संयूक्त परिवारबाट छुट्टिएको तर अंशबण्डा नभएकाले राहतबाट बञ्चित भएका छन्।"



## चौतारा, सिन्धुपालचोक

"लालपूर्जा नभए सरकारले ऋण र अनुदान दिँदैन भन्ने हल्ला छ।"

# जवाफ

आवास पुनर्निर्माणका लागि वितरण गरिने अनुदान भूकम्पका कारण क्षति भएका घर बनाउन हो। त्यसैले, एउटै घरमा बस्ने सबै परिवारले नभई घरधनीले मात्रै अनुदान पाउने छन्।

अनुदानका लागि आवेदन दिँदा घरधनीले घर बनाउन लागेको जग्गा आफ्नै हो भनी यकिन दिलाउन लालपूर्जा पेश गर्नुपर्छ।

भूकम्प पछि अंशबण्डा गरी बनाएको लालपूर्जा भने मान्य हुने छैन।

परिवारको वास्तविक परिभाषा के हो भनेर राहत वितरणको शुरुवात देखि नै अन्योल छ। जिल्ला दैवि प्रकोप उद्दार समितिहरूले भूकम्प पीडित परिचय पत्र र अस्थायी आवास अनुदान बाँड्दा परिवारको परिभाषामा एकरुपता थिएन। कहिँ भान्छाको आधारमा एउटा घरमा दुईवटा भान्छा भए दुई वटा परिवार भनियो। कहिँ अंशबण्डा गरी छुट्टिएर बसेका परिवारलाई मात्रै छुट्टै परिवार मानियो।

छुट्टिएर बसेका तर कानुनी रुपमा अंशबण्डा नगरेका परिवारको नाम आवास पुनर्निर्माण अनुदान पाउन योग्य परिवारको सूचीमा नपरे उक्त परिवारले पुनरावेदन समितिमा सम्पर्क गनुपर्नेछ। हरेक जिल्लामा एक पुनरावेदन समिति गठन हुनेछ।

भिष्म भुसाल
उप-सचिव
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९८५११२७७५७

रबि शाह
उप-महानिर्देशक
ग्रामिण विकास तथा
घर निर्माण बिभाग
९८५१०५६८२४

# सवाल

## पाँचखाल, काभ्रेपलाञ्चोक

“न्यानो कपडा किन्न १० हजार आउँछ भन्थे। अब जाडो सकेपछि दिने हो कि !”

## पाँचखाल, काभ्रेपलाञ्चोक

“सरकारले जाडोलाई लुगा किन्न १० हजार दिन्छ रे भन्थे। अब जाडो सकिएपछि आउला। १५ हजारमै टारे जस्तो पो लाग्न थाल्यो !”



## रयाले, काभ्रेपलाञ्चोक

“सरकारले पीडितहरूलाई गरेको सहयोग नामको मात्र भएको छ। बल्ल बल्ल दिन लागेको १० हजार पनि पीडितहरूले पाउने कहिले हो थाहा छैन। सबै तिर दिइसक्यो भन्छन्। हाम्रोमा चाँहि किन ढिला भएको होला ?”

## रयाले, काभ्रेपलाञ्चोक

“जाडोमा आउँछ भनेको १० हजार रकम गर्मी लागी सक्दा पनि आउँदैन कि क्या हो ?”

# जवाफ

जाडोमा न्यानो लुगा किन्न भनेर सरकारले दिने भनेको रु १० हजार रकम काभ्रेपलाञ्चोकका पाँच गाउँ विकास समिति (गाविस) र तीन नगरपालिकाका भूकम्प पीडित परिवारहरूले प्राप्त गरेका छैनन्।

मौजदात रकम सकिएको र थप रकमको लागि गृह मन्त्रालयसँग माग गरेको जिल्ला दैवि प्रकोप उद्दार समिति काभ्रेले बताएको छ। गृह मन्त्रालयका अनुसार, दुई चरण गरी रकम प्राप्त योग्य परिवारको तथ्यांक पठाइएकाले पहिलो चरणमा निकासा भएको रकम अपुग भएको हो। दोस्रो चरणको तथ्यांकमा पहिलो पाली छुटेकाहरूको नामावली थियो।

दोस्रो चरणको सूची प्रमाणिकरण भइसकेपछि गृह मन्त्रालयले प्रधानमन्त्रीको कार्यालयलाई रकम निकासाको लागि पत्र लेखेको छ। प्रधानमन्त्रीको कार्यालयले अर्थ मन्त्रालयलाई रकम निकासा गर्न पत्र पठाइसकेको बताएको छ। अर्थ मन्त्रालयले रकम निकासा गर्ने वित्तिकै दैवि प्रकोप उद्दार समिति काभ्रेले पीडितहरूलाई वितरण गर्नेछ।

**बाल कृष्ण पन्थी**
प्रमुख जिल्ला अधिकारी
काभ्रेपलाञ्चोक
९८५१२३७७७७

**बाबुराम भण्डारी**
उप-सचिव
राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र
गृह मन्त्रालय
९८५११३४२४

**मुकुन्द प्रसाद पौड्याल**
प्रवक्ता
अर्थ मन्त्रालय
९८४१३५८९४९

# सवाल

## भिमेश्वर, दोलखा
“बल्ल सरकारले केन्द्रीय तथ्याङ्क विभागबाट घर निरीक्षण शुरु गरेको छ। अब भने एउटा राम्रो घर छिटै बन्ला भन्ने आशा गरेको छु।”

## गोरखा बजार, गोरखा
“पुनर्निर्माण प्राधिकरणले वास्तविक भूकम्प पीडितहरुका लागि फेरि सेतो कार्ड वितरण गर्ने हल्ला छ।”



## फुलासी, रामेछाप
“सरकारले फेरि नक्कली भूकम्प पीडित परिचय पत्र पाएको भन्दै पुनः सर्वेक्षण गर्दै छ रे। अब दुई लाख पाउने र घर बनाउने कुरा पनि मऱ्यो।”

## फुलासी, रामेछाप
“सरकारले ५ सय प्राविधिकहरू गाउँगाउँ पठाउँदै छ रे।”

## बिगुटार, ओखलढुंगा
“गाउँमा प्राविधिकहरु आउने रे। पैसा हामीले दिने हो ?”

# जवाफ

वास्तविक भूकम्प पीडितले आवास पुनर्निर्माणका लागि सहयोग पाउन् भनेर सरकारले केन्द्रीय तथ्याङ्क विभागलाई भूकम्पबाट भएको क्षतिको विस्तृत सर्वेक्षण गर्न खटाएको छ।

केन्द्रीय तथ्याङ्क विभागले पौषबाट शुरु गरेको सर्वेक्षण आगामी बैशाखको मध्य सम्म सम्पन्न गर्ने लक्ष्य राखेको छ। हाल, इन्जिनियर र सामाजिक परिचालक रहेका प्राविधिक टोलीले दोलखा जिल्लामा क्षतिको मुल्याङ्कन गर्दै छ।

तथ्याङ्क विभागले छिट्टै काठमाण्डौ, भक्तपुर र ललितपुर बाहेकका भूकम्पबाट अति प्रभावित १० वटा जिल्लाहरूमा करिव ५५० जना प्राविधिकहरू पठाउने तयारी गररहेको छ।

प्राविधिक टोलीले घर मुल्याङ्कन गरेबापत घरधनीले कुनै शुल्क तिर्नु पर्ने छैन।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको आधारमा आवास पुनर्निर्माण अनुदान पाउन योग्य परिवारको सूची तयार गर्नेछ। पुनर्निर्माण अनुदान वितरण यसअघि वितरण गरेको भूकम्प पीडित परिचय पत्रका आधारमा मात्रै हुने छैन। प्राधिकरणले भूकम्प पीडित परिचय पत्रको सट्टा अर्को कुनै कार्ड वितरण गर्छ या गर्दैन निर्क्योल गरेको छैन।

रुद्र सुवाल
उप-महानिर्देशक
केन्द्रीय तथ्याङ्क विभाग
९८४१२३२७७३

# हल्ला



## चौतारा, सिन्धुपालचोक

"अबको एक महिनाभित्र विदेशीहरुले सहयोग गरेको रकम पीडितहरूलाई नदिए फिर्ता जान्छ रे ? अब सरकारले कहिले सम्म यो रकम वितरण गर्छ ?"

# यथार्थ

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अनुसार, सरकारले विभिन्न राष्ट्रिय तथा बहुपक्षिय दातृ निकायहरूसंग पुनर्निर्माणका लागि ऋण र अनुदान गरी ८५ करोड भन्दा बढि अमेरिकी डलर बराबरको सम्झौता गरिसकेको छ।

भूकम्प पछिको पुनर्निर्माणका लागि दाताहरूले करिव ४१ अर्ब अमेरिकी डलर दिने घोषणा गरेको थिए।

सरकारल चीन, जापान, जर्मनी, अन्तर्राष्ट्रिय मौद्रिक कोष, विश्व बैंक र एसियाली विकास बैंकसंग सम्झौतामा हस्ताक्षर गरिएको छ।

यदि सरकारले एक महिना भित्र रकम वितरण नगरे सहयोग फिर्ता लिने वा सम्झौता रद्द गर्ने भनेर कुनै पनि दाताहरूले सूचना नदिएको प्राधिकरणले बताएको छ।

भिष्म भुसाल
उप-सचिव
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९८५११२७७५७

यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरु र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। माघ ६ गतेदेखि माघ १४ गतेसम्म ८ जिल्लाका करिव २३८ जना स्थानीयवासीसँगका कुराकानी र सामुदायिक छलफल गरी तयार पारेका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरु छनोट गरिएका छन्। यो अंकमा समेटिएमा जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन्।

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab   Local Interventions Group data·driven development   Internews